काठमाडौँ महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश

मिति २०८० श्रावण ३२ गते बसेको एक्काइसौं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:

प्रस्ताव नं. १. काठमाडौं महानगरपालिका वडा नं. १९ स्थित कंकेश्वरी मन्दिर परिसरको निर्माण कार्यको म्याद थप गर्ने सम्वन्धमा ।

निर्णय :

काठमाडौँ महानगरपालिका वडा नं. १९ स्थित कंकेश्वरी मन्दिर परिसरमा निर्माण कार्यका लागि मिति २०८० असोज मसान्तसम्म ६ महिना पुन: म्याद थप गर्ने ।

प्रस्ताव नं.२. काठमाडौँ महानगरपालिका वडा नं. २१ लगन त:वहाल चोकस्थित कीर्तिपुण्य बज्रधातु महाविहार क्वा:पा:द्यो छे पुन: निर्माण कार्यको म्याद थप गर्ने सम्वन्धमा ।

निर्णय :

काठमाडौँ महानगरपालिका वडा नं. २१ लगन त:बहाल स्थित किर्तिपुण्य बज्रधातु महाविहार क्वा:पा: द्यो:छें पुन:निर्माण कार्यको लागि २०८० असोज मसान्तसम्म ६ महिना पुन: म्याद थप गर्ने ।

प्रस्ताव नं. ३. काठमाडौं महानगरपालिका वडा नं. २६ लैनचौरस्थित नारायण मन्दिर निर्माण कार्यको म्याद थप सम्वन्धमा ।

निर्णय:

काठमाडौँ महानगरपालिका वडा नं. २६ लैनचौरस्थित नारायण मन्दिर निर्माण कार्यको लागि मिति २०८० भाद्र मसान्तसम्म म्याद थप गरी भुक्तानी उपलब्ध गराउने ।

प्रस्ताव नं.५. काठमाडौँ महानगरपालिका ११ नं. वडा कार्यालयको लागि घर भाडामा लिने सम्वन्धमा ।

निर्णय :

काठमाडौं महानरपालिका र मीरा डंगोल (महर्जन) बीच मिति २०७८ कार्तिक २९ गते भएको घरभाडा सम्झौताको म्याद २०८० भाद्र मसान्तसम्म भएकोमा पुनः मिति २०८२ भाद्र मसान्तसम्म नविकरण गर्ने ।

प्रस्ताव नं.६. श्री सर्वोच्च अदालत संवैधानिक इजलासबाट भएको आदेश कार्यान्वनका काठमाडौँ महानगरपालिकामा अस्थायी/करारका कर्मचारीहरुको सेवा स्थायी गर्ने कार्यविधि, २०८० स्वीकृत गर्ने सम्वन्धमा ।

निर्णय :

श्री सर्वोच्च अदालत, संवैधानिक इजलाशबाट उत्प्रेषण परमादेश मुद्दामा भएको आदेश कार्यान्वयन गरी काठमाडौँ महानगरपालिकामा विगत लामो समयदेखि करारमा कार्यरत कर्मचारीहरुको सेवा स्थायी गर्नको लागि कार्यपालिका बैठकबाट सैद्धान्तिक सहमति प्रदान गरी बनेको **"अस्थायी/करार कर्मचारीहरुको सेवा स्थायी गर्ने कार्यविधि, २०८०"** स्वीकृत गरी कानुन बमोजिम परामर्श सहितको कार्यान्वयनको लागि प्रक्रिया अगाडि बढाउने ।

प्रस्ताव नं.७. फुड टेक्नोलोजिष्ट स्नाकोत्तरको सट्टा स्नातक राख्ने सम्वन्धमा ।

निर्णय :

काठमाडौं महानगरपालिकाका लागि आवश्यक जनशक्ति स्नातक उत्तिर्ण गरेका ३ जना फूड टेक्नोजिष्ट र स्नातक उत्तिर्ण गरेका माइकोबायोलोजिष्ट करारमा लिने ।

प्रस्ताव नं.८. काठमाडौँ महानगरपालिका शहरी योजना आयोगको उपाध्यक्षमा डा. श्री सुमन नरसिंह राजभण्डारीलाई चयन गर्ने सम्बन्धमा ।

निर्णय :

ललितपुर महानगरपालिका वडा नं. १३ जावलाखेल बस्ने डा. श्री सुमन नरसिंह राजभण्डारीलाई काठमाडौँ महानगरपालिका सहरी योजना आयोगको उपाध्यक्ष पदमा नियुक्ति गर्ने ।

प्रस्ताव नं. ९. आर्थिक वर्ष २०८०/०८१ को लागि दररेट स्वीकृत सम्वन्धमा ।

निर्णय :

मिति २०८०/४/८ मा गठित दररेट तयारी समितिले पेश गरेको काठमाडौँ महानगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को लागि तयार भएको समग्र दररेट स्वीकृत गरी लागु गर्ने । साथै काठमाडौँ महानगरपालिका स्वास्थ्य विभागबाट पेश भएको दररेटमा मिति २०८०/२/१७ मा प्रमुखज्यूबाट कार्यपालिकाबाट अनुमोदन गर्ने गरी स्वीकृत भएकोले उक्त दररेट अनुमोदन गर्ने ।

प्रस्ताव नं.१०. प्रारम्भिक तथा संक्षिप्त वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा ।

(क) काठमाडौँ महानगरपालिका वडा नम्बर २८, कमलादीमा नेपाल ईन्स्योरेन्स कम्पनी लिमिटेड भवनको निर्माण सम्वन्धमा ।

(ख) काठमाडौँ महानगरपालिका वडा नम्बर २१, भोटेबहालमा भोटेबहाल प्लाजा भवनको निर्माण सम्वन्धमा ।

(ग) श्री दिपक श्रेष्ठ र श्री सावित्री थापा श्रेष्ठ प्रस्ताव रही काठमाडौँ महानगरपालिका वडा नम्बर १६ बालाजुमा मिश्रित प्रयोगको भवन निर्माण सम्वन्धमा ।

(घ) अभय उपचार केन्द्रको भवन निर्माण र श्री सुसिल कुमार मोर र प्रदिप कुमार मोरद्वारा का.म.पा वडा नं. १३ तहाचलमा भवन निर्माण तथा संचालन सम्वन्धमा ।

"काठमाडौं महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा ५२ उपदफा २ (क) बमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरित हुने कुनै प्रस्तावलाई कार्यान्वयन गरेमा पाँच लाख रुपैयासम्म जरिवाना गर्ने र दफा ५२ उपदफा (६) मा जरिवाना गर्न लागेको व्यक्ति वा संस्था वा आयोजनालाई सफाई पेश गर्ने मौका दिनुका साथै जरिवाना तोक्नु पर्ने हकमा सम्पूर्ण संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्वन्धी जरिवाना तोक्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने" ।

"काठमाडौं महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा ५२ उपदफा २ (ख) बमोजिम प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरित हुने कुनै प्रस्तावलाई कार्यान्वयन गरेमा दश लाख रुपैयासम्म जरिवाना गर्ने र दफा ५२ उपदफा (६) मा जरिवाना गर्न लागेको व्यक्ति वा संस्था वा आयोजनालाई सफाई पेश गर्ने मौका दिनुका साथै जरिवाना तोक्नु पर्ने हकमा सम्पूर्ण प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सम्वन्धी जरिवाना तोक्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने" ।

प्रस्ताव नं.११. काठमाडौँ महानगरपालिका क्षेत्रभित्र विभिन्न स्थानहरुमा ट्राफिक आइल्याण्ड निर्माण कार्यको भेरिएशन स्वीकृत सम्वन्धमा ।

**निर्णय :**

मिति २०७९।०८।१४ मा श्री जेनिशा देवी कन्स्ट्रक्सन प्रा.लि.लाई का.म.पा. क्षेत्रभित्रको ट्राफिक आइल्याण्ड निर्माण कार्य गर्नको दिएको कार्यदेश अनुसार हुन नसकेको निर्माण कार्यको २५.३१ घटि भेरिएशन स्वीकृत गरी भएको कार्यको भुक्तानी दिई ठेक्का कार्य सम्पन्न गर्ने निर्णय हुनुपर्ने ।

प्रस्ताव नं. १२. सफाईकर्मी सेवा करारमा प्राप्त गर्ने संस्थाको आशयपत्र अनुमोदन सम्वन्धमा ।

**निर्णय :**

उक्त छनोट भएको संस्थाको नाममा आशयको सूचनालाई प्रकाशित गरि उक्त संस्थाको बोलपत्रलाई स्वीकृत गरी सम्झौता गर्ने ।

प्रस्ताव नं. १३. गुठी संस्थान स्वामित्वको मठ मन्दिर, सम्पदा जग्गा प्राप्ति सम्बन्धी सैद्धान्तिक सहमति दिने सम्वन्धमा ।

**निर्णय :**

काठमाडौँ महानगरपालिका वडा नं. १२ स्थित लक्ष्मेश्वर महादेव मन्दिर सोको चौघेरा सत्तल, वरपरको जग्गा र पुजारी घर अरनिको संग्रालय सिकाई केन्द्र स्थापना र संचालनको लागि तथा काठमाडौँ महानगरपालिका वडा नं. १२ स्थित बम्वीर विकटेश्वर (तिनदेवल) मन्दिर तथा चौघेरा सत्तल परिसर काठमाडौँ महानगरपालिका वडा नं. ११ स्थित पुरेत घाट तथा सत्तल काठमाडौँ महानगरपालिका वडा नं. १२ स्थित राजभण्डारी सत्तल काठमाडौँ महानगरपालिका वडा नं. ११/१२ स्थित मुन्सीघाट सत्तल, पन्चनारी सत्तल, मानन्धर सत्तल, कार्की सत्तल र माथेमा सत्तल काठमाडौँ महानगरपालिका वडा नं. ११ पूर्णेश्वर मन्दिर तथा चौघेरा सत्तल परिसर, काठमाडौँ महानगरपालिका वडा नं. ११ काठमाडौँ त्रिपुरेश्वर महादेव मन्दिर फुलबारी बगैचा रहेको क्षेत्रफल ०३–०२-०१-०० जग्गा र काठमाडौँ महानगरपालिका वडा नं. १२ स्थित टेकु जगन्नाथ मन्दिर तथा सत्तल परिसर तैनाथी जग्गा लगायत काठमाडौँ महानगरपालिका क्षेत्रभित्रका गुठि संस्थान स्वामित्वको सम्पूर्ण मठ मन्दिर सम्पदाका जग्गा प्राप्ति सम्वन्धी सैद्धान्तिक सहमति दिने ।

प्रस्ताव नं. १४. काठमाडौँ महानगरपालिका ५ हाँडीगाउँ स्थित कि.नं. ५७० समेतका जग्गा लिजमा प्राप्त गरी उपयोग गर्न नेपाल सरकारलाई अनुरोध गर्ने सम्वन्धमा ।

निर्णय :

काठमाडौँ महानगरपालिका ५ हाँडीगाउँ स्थित कि.नं. ५७० समेतका जग्गा सार्वजनिक प्रयोजनका लागि भोगाधिकार प्राप्ती हुन नेपाल सरकारलाई अनुरोध गर्न आवश्यक प्रकृया शुरु गर्ने ।

प्रस्ताव नं. १५. आर्थिक वर्ष २०८०/०८१ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचिकृत बेरोजगारहरुको सूची स्वीकृत गर्ने सम्वन्धमा ।

निर्णय :

आ.व.२०८०/०८१ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तोकिएको सबै प्रकृया पुरा गरी सूचिकृत भई पेश भएका १०५६ जना बेरोजगारको सूचिलाई स्वीकृत गर्ने ।

प्रस्ताव नं. १६. बाल कल्याण अधिकारी तोक्ने सम्वन्धमा ।

निर्णय :

बालबालिका सम्बन्धी ऐन, २०७५ को परिच्छेद ६ र बालबालिका सम्बन्धी नियमावली २०७८ को परिच्छेद १० मा प्रत्येक स्थानीय तहमा एक जना बालकल्याण अधिकारी रहने व्यवस्था बमोजिम काठमाडौं महानगरपालिका सामाजिक विकास विभागमा पनि बाल संरक्षणका कार्यहरु गर्न, स्थानीय बालअधिकार समितिको निर्णय कार्यान्वयन गर्ने, बालबालिका सम्बन्धी नीति, बार्षिक कार्यक्रम र बजेट कार्यान्वयन गर्ने, बेवारिसे र जोखिममा परेको बालबालिकाको संरक्षण र उद्धार गर्ने लगायतका कार्य गर्नका लागि वरिष्ठ अधिकृत आठौं श्री शान्ता पहाडीलाई बालकल्याण अधिकारी तोक्ने ।

प्रस्ताव नं. १७. काठमाडौँ महानगरपालिका २८ वडा स्थित रानीपोखरी सौन्दर्यकरण कार्यको घटि भेरिएशन स्वीकृत गरी भुक्तानी उपलब्ध गराउने सम्वन्धमा ।

निर्णय :

प्राविधिक पुष्टयाई सहित पेश भएको कूल मूल्यांकन रु. ३,६६,२७,१०४/६४ जुन सम्झौता रकमको ४८.४७% घटी भएकोले घटी भेरीएसन स्वीकृत गरी भुक्तानी हुन बांकी रकम रु. १,३५,८८,८०३/६४ मा पेश्की लगायतका कर कट्टी गरी बांकी भुक्तानी गर्ने ।

प्रस्ताव नं. २०. कुकुर/बिरालो बन्ध्याकरण, भ्याक्सिनेसन तथा अभिलेखिकरण कार्यविधि, २०८० स्वीकृत गर्ने सम्वन्धमा ।

**निर्णय :**

काठमाडौँ महानगरपालिका कुकुर/बिरालो बन्ध्याकरण, भ्याक्सिनेसन तथा अभिलेखिकरण कार्यविधि, २०८० स्वीकृत गरी लागु गर्ने ।